"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८३/०८४
चलानी नम्बरः- ९८

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना!

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/२२ गते)**

यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०६/०९ गतेको निर्णयानुसार परशुराम नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा देहायका पदहरूमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएकाले तपसिलबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** तपसिलको विवरणसहित दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

देहायः

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | आवश्यक योग्यता | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८३-८४ (स्वास्थ्य) | अ.हे.व. (चौथो तह) | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा हे.अ. वा अ.हे.व. उत्तीर्ण गरेको। | करार | परशुराम नगरपालिकाको रिक्त रहेका स्वास्थ्य संस्था |
| २. | ०२/२०८३-८४ (स्वास्थ्य) | अ.न.मि. (चौथो तह) | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्टाफ नर्स वा अ.न.मि. उत्तीर्ण गरेको। | करार | परशुराम नगरपालिकाको रिक्त रहेका स्वास्थ्य संस्था |
| ३. | ०३/२०८३-८४ (स्वास्थ्य) | कार्यालय सहयोगी (श्रेणीविहिन) | २ | कम्तिमा कक्षा १० उत्तीर्ण गरेको। | करार | ❖ खजुरानी आधारभूत स्वास्थ्य केन्द्र (प.न.पा-१२)<br>❖ सिमलखेत सहरी स्वास्थ्य केन्द्र (प.न.पा-०६) |

प्रमुख प्रशासकीय अधिकृत

"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- २०८३/०८४
चलानी नम्बर:- ५८

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

परशुराम नगरपालिका नगर कार्यपालिकाको कार्यालय जोगबुडा, डडेल्धुरा सुदूरपश्चिम प्रदेश २०७३

तपसिल:-

1. **आवेदन बुझाउने अन्तिम मितिः** २०८३/०७/०९ गते कार्यालय समयभित्र। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट आवेदन बुझाउन सकिनेछ।
2. **उमेरः** कम्तिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
3. **परीक्षाको किसिमः** अ.हे.व र अ.न.मि. का हकमा लिखित तथा अन्तर्वार्ता सञ्चालन गरिनेछ। कार्यालय सहयोगीका हकमा अन्तर्वार्ता मात्र लिइनेछ।
4. **दरखास्त दिने स्थानः** परशुराम नगरपालिकाको स्वास्थ्य शाखा, सिद्धाथान, जोगबुडा, डडेल्धुरा।
5. **निवेदन दस्तुरः** अ.हे.व र अ.न.मि. का हकमा रु. ५००।– र कार्यालय सहयोगीका हकमा रु. ३००।– परशुराम नगरपालिकाको राजस्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेस गर्नुपर्नेछ।
6. **आवश्यक कागजातः** नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति पासपोर्ट साईज फोटो, न्यूनतम् शैक्षिक योग्यताका प्रमाणपत्र र सम्बन्धित स्वास्थ्य परिषदको दर्ता प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि तथा सम्बन्धित पदको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी आवेदनसाथ पेस गर्नुपर्नेछ।
7. **सेवा सुविधाः** परशुराम नगरपालिकाले तोकेबमोजिम हुनेछ।
8. **विशेष ग्राह्यताः**

   (क) अ.हे.ब. तथा अ.न.मि. पदका हकमा स्थानीय बासिन्दा, सम्बन्धित पदमा कार्य अनुभव भएको, कम्प्युटर सञ्चालन सम्बन्धी आधारभूत सीप तथा अनुभव भएको र अ.न.मि. का हकमा यिनका साथै **SBA तालिम** लिएका उम्मेदरवारलाई उच्च ग्राह्यता दिइनेछ।

   (ख) कार्यालय सहयोगीका हकमा दुई पांग्रे सवारी साधन (मोटरसाइकल तथा स्कुटर) को चालक अनुमतिपत्र हासिल गरेको, कम्प्युटर सञ्चालन सम्बन्धी आधारभूत सीप तथा अनुभव भएको र सम्बन्धित वडाको स्थायी बासिन्दा भएको उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ।
9. **सम्पर्कः** अन्य जानकारीका लागि परशुराम नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख श्री हिक्मत बहादुर धामी (फोनः ९८४८८०४३७७) लाई सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत